# स्थानीय राजपत्र


## घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ४ संख्या ३७**

स्वीकृत मितिः २०७८/११/१८

प्रमाणिकरण मितिः २०७८/११/२५


## भाग–२

# जलस्रोत नियमावली-२०७८


## घिरिङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# जलस्रोत नियमावली, २०७८

जलस्रोत ऐन २०७८ को दफा (२०) ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो नियमावली जारी गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यो नियमावलीको नाम जलसोत नियमावली, २०७८ रहेको छ, यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा** - विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क. "गाउँ जलस्रोत समिति" भन्नाले नियम (२४) बमोजिमको गाउँ जल समिति सम्झनु पर्छ

ख. "अनुमतिपत्र" भन्नाले नियम (१०) र (१५) बमोजिम दिइने अनुमतिपत्र सम्झनुपर्छ।

ग. "सर्वेक्षण" भन्नाले चलचितको उपयोगका लागि गरिने सम्भाव्यता अध्ययन विस्तृत इन्जिनियरिङ डिजाइन को कार्य र त्यसका लागि गरिने अन्वेषण कार्य समेत सम्झनु पर्छ।

घ. "उपभोक्ता" भन्नाले जलश्रोत संग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनु पर्छ।

ङ. "सेवा शुल्क" भन्नाले नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलश्रोत सँग सम्बन्धित सेवा उपयोग गरेबापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ।

च. "गाउँपालिका" भन्नाले घिरिङ गाउँपालिका सम्झनुपर्छ।

छ. "गाउँकार्यपालिका" भन्नाले घिरिङ गाउँकार्यपालिका सम्झनुपर्छ।

ज. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

झ. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

य. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

## परिच्छेद २

## उपभोक्ता सम्बन्धी व्यवस्था

**(३) उपभोक्ता संस्थाको दर्ताको लागि दरखास्त दिनुपर्ने –**

ऐनको दफा (५) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्ये कम्तिमा सात जना उपभोक्ताहरुले अनुसूचि (१) बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एकप्रति विधान र तोकिएको दस्तूर सहित गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनुपर्नेछ।

**(४) विधानमा खुलाउनु पर्ने विवरणहरुः-**

नियम (३) बमोजिम गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछ।

क. पुरा नाम र ठेगाना

ख. उद्देश्य तथा कार्यक्षेत्र

ग. सदस्यको लागि योग्यता तथा सदस्यता शुल्क

घ. सदस्य को निष्कासन र राजीनामा

ङ. हकदावी नामसारि वा हकवालाको मनोनयन,

च. साधारणसभा सम्बन्धी व्यवस्था,

छ. सञ्चालक समितिको गठन निर्वाचन काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

ज. सञ्चालक पद मा बहाल रहन सक्ने अवस्था,

झ. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

ञ. कोष तथा लेखा परीक्षण

ट. विधान संशोधन

ठ. विविध

**(५) दर्ता र प्रमाणपत्र**

(१) नियम (३) बमोजिम पर्न आएका दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँच गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची 2 बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ

(२) उपनियम 1 बमोजिम कुनै संस्था दर्ता गर्न उपयुक्त नदेखिएमा गाउँ जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्त वालालाई दरखास्त परेको मितिले

३५ दिनभित्र सो कुराको जानकारी दिनुपर्नेछ

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै नियमावली बमोजिम दर्ता भएको मान्ने छन्

**(६) विधान संशोधन**

१. उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधान संशोधनको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँ जलस्रोत समितिमा पेश गर्नुपर्नेछ

२. उपनियम (१) बमोजिम विधान संशोधन सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँच गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछ।

## परिच्छेद - ३

## जलश्रोतको उपयोग सम्बन्धी व्यवस्था

**(७) जलस्रोतको उपयोगसम्बन्धी विवादको समाधान-**

ऐनको दफा (७) को उपदफा (२) बमोजिम जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा सो विभागको टुंगो जलस्रोत उपयोग जाँचबुझ समितिले लगाउनेछ

**(८) अनुमतिपत्रको व्यवस्था**

(१) ऐनको दफा (८) बमोजिम चोर्यो सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले गाउँ जल समितिसमक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ।

(२) अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग बापत गाउँपालिकालाई अनुसूची (९) बमोजिमको वार्षिक शुल्क बुझाउनुपर्नेछ

(३) ऐनको दफा (८) को उपदफा (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तर गर्नुपरेमा गाउँ जलस्रोत समितिबाट स्वीकृति लिनुपर्नेछ।

**(९) जलस्रोत उपयोग को सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने**

(१) ऐनको दफा (८) को उपदफा (१) बमोजिम जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची (३) बमोजिम ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरण खुलाई गाउँ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनुपर्नेछ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थान को नक्सा (मुख्य मुक्ति संरचना समेत देखिने)

(ग) पानीको सूत्र उपयोग हुने पानीको परिमाण

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरु को संख्या र किसिम

(ङ) सर्वेक्षण गरिने  जलश्रोतको क्षेत्र

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण संचालनको लागि समेत)

(छ) मुहान रहेको क्षेत्रको (४) किन तथा अन्य आवश्यक कुराहरु।

(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिंदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची (८) मा उल्लेख भएअनुसार सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ।

**(१०) दरखास्त उपर जाँचबुझ**

(१) नियम न बमोजिम दर्खास्त परेपछि नियमावली बमोजिम दरखास्त वालाले दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ  जलस्रोत समितिले आवश्यक जाँच गर्नुपर्ने छ

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्त वालाले दरखास्त साथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कार्य विवरण पेश गर्न मनासिब माफिकको म्याद तोकी दरखास्त परेको सातदिन भित्र सूचना दिनुपर्ने छ

(३) उपनियम (२) बमोजिम कुनै कार्य विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ समितिलाई नै ऐनको दफा (८) को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मानिने छ

**(११) सर्वेक्षण अनुमतिपत्र दिनेः**

ऐनको दफा (८) को उपदफा (१) बमोजिम परेको दरखास्त उपर नियम (१०) बमोजिम गाउँ जलस्रोत समितिले आवश्यक जाँच गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची (४) बमोजिमको ढाँचामा दरखास्त वालालाई जलसोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ

**(१२) सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्ने:**

नियम (११) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले १५ दिनभित्र आफूले गरेको सर्वेक्षण तीन प्रति प्रतिवेदन काम जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ

**(१३) जलस्रोत उपयोग अनुमति**

(१) जल सोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची (५) बमोजिमको ढाँचामा प्रस्तावित परियोजना सँग सम्बन्धित विद्यालयको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति सुरक्षित तीन प्रति दरखास्त फारम पेश गर्नुपर्नेछ।

(क) परियोजनाको विस्तृत विवरण परियोजना स्थल को नक्सा उपयोग गरिने पानीको स्रोत परियोजना सम्पन्न गर्नलाई अनुमानित समय र लागत परियोजनामा सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालकहरूको नाम थर वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(ख) सम्भाव्यताको विश्लेषण परियोजनाको विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरूको विवरण।

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था परियोजनाका लगानीकर्ताको आर्थिक हैसियत परियोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाको प्रतिबद्धता र लगानीकर्ताहरुले दायित्व तथा शेयर पूँजी र ऋण प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्ति (परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी डरबाट उपयोग प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गा धनीहरूको लगत)।

(ङ) वातावरणिय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोत मा रहने जलचर एवं जल वातावरण संगठनको लागि अपनाउने उपायहरु परियोजनाले सम्बन्धित क्षेत्रमा पार्नसक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ निर्माण तथा

सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुबिधाहरु सुरक्षात्मक व्यवस्थाहरू तथा परियोजनाहरु सञ्चालनबाट सम्बन्धित जग्गा धनीहरुलाई पर्नसक्ने असर विस्तावित जनसङ्ख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाउने आवश्यक ब्यवस्था समेत स्पष्ट रुपमा खुलाउनुपर्छ) ।

**(१४) दरखास्त उपर जाँचबुझः**

(१) नियम (१३) बमोजिम दरखास्त प्राप्त भएपछि नियमावली बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरणपत्र प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जात गर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँच गर्दा दरखास्तवालाले दरखास्त साथ यस गर्नुपर्ने कुनै कार्य जात विवरण नपुगेमा गाउँ जलस्रोत समितिले सम्बन्धित दरखास्त वालालाई मनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले १५ दिनभित्र सो कुराको सूचना दिनुपर्ने छ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएको मा जुन मितिमा त्यस्तो कार्यरत प्राप्त हुन आउँछ समितिलाई नै उपनियम (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**(१५) सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः**

(१) नियम (१३) बमोजिम जलस्रोतको उपयोग अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँ जलस्रोत समितिले नियम (१४) बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्दछ

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोग सँग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित गाउँ जलस्रोत समिति सँगठित जोसुकैले पनि जानकारी दिन सक्नेछ

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँ जल्ल सोच समितिले त्यस्तो उल्लेखनीय प्रतिकुल असर न्यूनतम गर्ने सम्बन्धमा

सम्बन्धित दरखास्त वालाले पालन गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिँदा तोकिदिने छ।

**(१६) अनुमतिपत्र दिनेः**

नियम (१३) बमोजिमको दरखास्त उपर नियम (१५) बमोजिमको कार्यविधि पूरा गरी गराई गाउँ जलस्रोत समितिले दरखास्तवालाको मागबमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त वालालाई जलस्रोत उपयोगसम्बन्धी अनुमतिपत्र दिनुपर्छ।

**(१७) सर्वेक्षण अनुमतिपत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेः**

नियम यहाँ बमोजिम सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिम जलस्रोत उपयोगसम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्नुपर्ने म्यादभित्र ऐनको दफा 8 उपदफा 1 बमोजिम को विवरण खुलाई दरखास्त दिएमा यस नियमावलीका अन्य व्यवस्थाहरूको रहि दरखास्त वाला लाई प्राथमिकताका साथ नियम 15 बमोजिम जलश्रोतको उपयोगको अनुमतिपत्र दिन सकिनेछ

**(१८) जलस्रोत माथिको अधिकार कायम हुनेः**

यस नियमावली बमोजिम जलस्रोतको उपयोगसम्बन्धी कार्य संचालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमति पत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थानमा क्षेत्रसम्म जलस्रोत उपयोग गर्न अधिकार प्राप्त हुनेछ।

**(१९) कार्य सुरु गर्नुपर्ने अवधिः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षण हकमा 3 महिनाभित्र र जलस्रोतको उपयोगसम्बन्धी कार्य संचालनको हकमा एक वर्षभित्र भौतिक रुपमा कार्य सुरु गरी सोको जानकारी गाउँ जलस्रोत समितिलाई दिनुपर्नेछ तर म्याद भित्र कार्य सुरु गर्न सकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा गाउँ जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ।

(२) बमोजिम कार्य सुरु गरेपछि प्रत्येक्ष महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले सर्वेक्षणको वा निर्माणकार्य सम्पन्न नभएसम्म गाउँ जलस्रोत समिति समक्ष पठाउनु पर्नेछ।

**२०) नयाँ अनुमतिपत्र लिनुपर्नेः**

(१) नियमावली प्रारम्भ हुनु अघिदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि नियम (१३) मा उल्लेखित विवरणहरु खुलाई नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र गाउँ जलसोत समितिसमक्ष उपयोगको अनुमतिपत्रको लागि दरखास्त पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको अनुसूची 7 बमोजिमको ढाँचामा अनुमतिपत्र दिने छ ।

**२१) अनुमतिपत्र दस्तुरः**

यो नियमावली बमोजिमको जलस्रोतको उपयोगसम्बन्धी कार्य सञ्चालन गर्न अनुमति पत्रको लागि दरखास्त तिनका आर्थिक ऐनमा उल्लेख भएमा स्वयं सार र नभएमा अनुसूची-८ मा तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ

**(२२) अनुमतिपत्र नवीकरण गर्नुपर्नेः**

(१) नियमावली बमोजिम जलस्रोतको उपयोग र सर्वेक्षणका लागि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमती पत्रको अवधि समाप्त हुनुअगावै नवीकरणका लागि दरखास्त दिनुपर्नेछ ।

(२) प्रत्येक वर्ष अनुमतिपत्र नवीकरण गराउँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसूची - ८ मा तोकिए बमोजिम नविकरण दस्तुर लाग्नेछ ।

**(२३) अनुमतिपत्र विक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्नेः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपर्नेमा गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा रहेको अनुमतिपत्र अन्य व्यक्ति संगठित संस्थाको नाममा बिक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**(२४) गाउँ जलस्रोत समितिको गठनः**

गाउँपालिका भित्र रहेको जलश्रोतको उपयोगको लागि ऐनको दफा (८) को दफा (४) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा देहाय बमोजिम गाउँ जलस्रोत समिति रहनेछ ।

(क) अध्यक्ष - अध्यक्ष
(ख) वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) कृषि विकास शाखा को प्रमुख - सदस्य
(ङ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको प्रमुख - सदस्य-सचिव

**(२५) गाउँ जलसोत समितिको बैठक सम्बन्धी कार्यविधि**

(१) गाउँ जसो समितिको बैठक अत्यन्त को समय मिति र स्थानमा बस्ने छ।

(२) बैठकको अध्यक्षता गाउँ जलस्रोत समितिको अध्यक्षले गर्नेछन् अध्यक्ष अनुपस्थितिमा गाउँ जलस्रोत समितिको सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(३) गाउँ जलस्रोत समितिको कुल सदस्य संख्याको ५० प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) गाउँ जलस्रोत समितिमा कुनै विषयमा छलफल भई मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुको मतलाई गाउँ जलस्रोत समितिको निर्णय मानिनेछ।

(५) गाउँ जलस्रोत समितिको निर्णय गाउँ चल समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ।

(६) गाउँ जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि गाउँ जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**(२६) गाउँ जलस्रोत समिति सचिवालयः**

गाउँ जलस्रोत समिति सचिवालयका गाउँकार्यपालिकाको कार्यालय रहनेछ।

**(२७) सेवा शुल्क असुल उपर गर्न पाउनेः**

गाउँपालिकाले विकास गरेको जल सोतको उपयोग छया अन्य कसैलाई उपलब्ध गराए बापत को सेवाशुल्क आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुशील नौमती बमोजिम असूल गर्न सक्नेछ।

**(२८) जलस्रोत प्रदूषित गर्न नहुने:**

ऐनको दफा १९ को उपदफा (३) बमोजिम जलस्रोत प्रदूषित भए नभएको वा कुनै दल सुदुपयोग को सम्बन्धमा ऐनको दफा १९ को उपदफा (१) बमोजिम सुकीको गुणस्तर भए नभएको सम्बन्धमा जलस्रोत समितिले तोकेको अधिकारीले

आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

**(२९) अनुमति खारेज गर्न सकिने:**

(१) गाउँ जलस्रोत समितिले ऐन यो नियमावली विपरीत कुनै काम गरेमा गाउँ जलस्रोत समितिले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिनसक्ने छ ।

(२) उपनियम १ बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा गाउँ जलस्रोत समितिले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम २ बमोजिमको अनुमतिपत्र खारेज गर्नु अघि गाउँ जलस्रोत समितिले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद ४

## जलस्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ

**(३०) जलस्रोत उपयोग जाँचबुझ**

(१) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायबमोजिमको एक जलस्रोत उपयोग तथा जाँचबुझ समिति रहनेछ ।

(क) प्रतिनिधि वन वातावरण तथा विपद व्यवस्थापन समिति

- अध्यक्ष

(ख) सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य

- सदस्य

(ग) सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य

- सदस्य

(घ) प्रतिनिधि योजना हेर्ने शाखा वा इकाई

- सदस्य

(२) दुई वा दुईभन्दा बढी वडाहरु बीच जलसोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपनियम १ को ख बमोजिम विवाद सँग सम्बन्धित प्रत्येक वडा समितिको ११ जना प्रतिनिधि रहनेछन् ।

(३) उपनियम १ बमोजिमको जलस्रोत उपयोग जाँच समितिले जलश्रोतको उपयोग

उत्पन्न विवाद समाधान गर्दा ती कार्यविधि तर्जुमा नभएसम्म विवादको निरुपण गर्दा देहाय कार्यालय अपनाउने छ ।

(क) जलसोत उपयोगबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरुको बाहेक जलस्रोत उपयोग प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धि कुनै परियोजना सञ्चालनबाट स्थानीय व्यक्तिहरुलाई पर्न जाने मक्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित अनुमति प्राप्त व्यक्ति संगठित संस्था तथा स्थानीय व्यक्तिहरुलाई छुट्टाछुट्टै वा सामुहिक रुपमा आफ्नो दाबी पुष्टि हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिब माफिकको म्याद तोकिदिनु पर्नेछ दिनुपर्नेछ ।

(ख) खण्डको बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया देहायका विषयमा जानकारी दिनुपर्नेछ

(अ) परियोजनाको कुल खर्च

(आ) परियोजनाबाट हुने फाइदाको स्तर

(इ) आयोजना सञ्चालन गर्दा सम्बन्धित जलस्रोत उपयोग गरिरहेका व्यक्ति वा समूहलाई पर्न सक्ने असर

(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव

(ऊ) स्थानीय जनताको आवश्यकता

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरु अरूको प्रतिक्रिया

(ऐ) अन्य आवश्यक कुराहरु

(ग) खण्ड क मा उल्लेख भएका विषयहरुमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलसोत लाभ वा उपयोग भए नभएको र सुदर्शन पाउने नपाउने कुराको निर्धारण गर्नुपर्ने छ ।

(घ) उपनियम ३ को खण्ड ग बमोजिम जलस्रोतको उपयोगसम्बन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जातको समितिले सर्तहरू समेत तोक्न सक्नेछ ।

## परिच्छेद ५

## सेवा शुल्क सम्बन्धी

**(३१) वार्षिक शुल्क:**

अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोत उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत गाउँपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची -९ मा तोकिए बमोजिम हुनेछ।

**(३२) सेवा शुल्क निर्धारण समिति:**

(१) गाउँपालिकाले गरेको जलस्रोत उपयोगको सेवा शुल्क निर्धारण गर्न, निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्तालाई अतिरिक्त शुल्कको दर निर्धारण गर्न देहाय बमोजिमको सेवा शुल्क निर्धारण समिति रहनेछ ।समितिले निर्धारण गरेको शुल्क प्रत्येक आ.व.मा आर्थिक ऐनमा समावेश भई पारित भएपछि मात्र लागू रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिकाले तोकेको कार्यपालिकाको सदस्य | अध्यक्ष |
| (ख) उपभोक्ता मध्येबाट गाउँपालिकाले तोकेको व्यक्ति | सदस्य |
| (ग) गाउँपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

(२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधी समितिको स्वयं निर्धारण गर्न सक्ने छ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क तोक्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको प्रकृति, उपभोक्ता मुल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ।

**(३३) सेवा शुल्क बुझाउनु पर्ने:**

जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेवापत नियम ४१ को उपनियम ३ बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ।

## परिच्छेद ६
## घरजग्गा प्राप्ति तथा क्षतिपूर्ती सम्बन्धी व्यवस्था

**(३४) निवेदन दिनुपर्ने:**

ऐनको दफा १६ को उपदफा (१) बमोजिम जलस्रोत उपयोगको लागि कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले

गाउँपालिका समक्ष अनुसूची १० बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

**(३५) परियोजनाको स्थल वरिपरिको जग्गा प्रयोग गर्न निषेध गर्न सक्ने:**

(१) गउँपालिकाले जलस्रोत उपयोग सम्बन्धी परियोजनाको किसिम, बनोट, क्षमता, अदि कुराहरुलाई ध्यानमा राखी त्यस्तो परियावजना क्षेत्रभित्रका घर जग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउने गरी अनिश्चित दुरी निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको सूचना गाउँपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धीत वडा वा गाउँपालिका लगायत अन्य सम्बन्धित कार्यालयमा टाँस्न लगाउनु पर्नेछ ।

**(३६) क्षतिपूर्ति दिइने:**

(१) नियम ३४ बमोजिम घरजग्गा प्रयोग निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानी नोक्सानी वापत दिइने क्षतिपूर्तीको रकम नियम ३७ को उपनियम (१) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनुपर्ने अवस्था परेमा बाहेक उपनियम (१) बमोजिम दिइने क्षतिपूर्तिको रकम सम्बन्धित व्यकर्तिलाई एक पटक मात्र दिइनेछ ।

**(३७) क्षतिपूर्ति निर्धारण समिति:**

(१) नियमावलीको नियम ३६ बमोजिम क्षतिपूर्तिको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपूर्ति निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाले तोकेको कार्यपालिका सदस्य | अध्यक्ष |
| (ख) जलस्रोत उपयोग परियोजनासंग सम्बन्धित कार्यालयको प्रतिनिधि | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको जलस्रोत विज्ञ | सदस्य |
| (घ) हानी नोक्सानी भएको सम्पतिको धनी वा निजको प्रतिनिधि | सदस्य |
| (ङ) मालपोत कार्यालयको प्रतिनिधि | सदस्य |
| (च) क्षति भएको वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |

(२) उपनियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्तिको रकम नर्धारण गर्दा प्रत्यक्ष रुपमा वास्तविक हानी नोक्सानीको मूल्यांकन गरी निर्धारण गर्नुपर्नेछ ।

(३) क्षतिपूर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधी समिति आफैले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ७
## विविध

**(३८) सहयोग पुर्‍याउनु पर्ने:**

आफ्नो कार्यसम्पादनको सिलसिलामा गाउँ जलस्रोत समितिले जलस्रोतसँग सम्बन्धित निकायबाट आवश्यकता अनुसारका तथ्यांकहरु माग गर्न सक्नेछ र माग भएका तथ्यांकहरु उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**(३९) दुर्घटनाको सूचना:**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै प्रकारको दुर्घटना वा नोक्सानी भएमा गाउँ जलस्रोत समितिलाई तुरुन्त सूचना दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन गाउँ जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनुपर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ र यस्तो आदेशको पालना गर्नु सम्बन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

**(४०) गाउँपालिकाले निर्देशन दिन सक्ने:**

गाउँपालिकाले जलस्रोतको उपयोग सम्बन्धमा गाउँ जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु गाउँ जलस्रोत समितिको कर्तव्य हुनेछ ।

**(४१) दण्ड सजाय**:

(१) कसैले ऐन, यो नियमावली वा यस अन्तर्गत बनेका अन्य कार्यविधि वा निर्देशिकाको उल्लंघन गरेमा निजलाई जलस्रोत समितिले पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति भराइ दिन सक्नेछ ।

(२) कसैले ऐन, यो नियमावली बमोजिम अनुमतिपत्र लिनुर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई जलस्रोत समितिले पाँच हजार रुपैयासम्म जरिवाना र त्यस्तो कामा

बन्द गराउन सक्नेछ ।

(३) ऐन वा यस नियमावली बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग जलस्रोत समितिले निजबाट बिगो बमोजिमको जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसंग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुर्‍याएमा वा त्यस्तो कुनै काम कुराको दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल कानून बमोजिम जरिवाना वा कैद वा दुवै सजाय हुनेछ ।

**(४२) अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:**

गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट सक्नेछ ।

**(४३) कार्यविधि वा निर्देशिका बनाउन सक्ने:**

ऐन र यस नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि देहायका क्षेत्रमा कार्यविधि तथा निर्देशिका बनाइ लागु गर्न सक्नेछ ।

**(४४) खारेजी तथा बचाउ:**

(१) यो नियमावलीको कुनै व्यवस्था प्रचलित संघिय तथा प्रादेशिक कानूनसंग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि भए गरेका कामकारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची १

**(नियम ३ सँग सम्बन्धित)**

## निवेदन पत्रको ढाँचा

श्री अध्यक्ष ज्यू,
घिरिङ गाउँपालिका जलस्रोत समिति
घिरिङ, तनहुँ।

महोदय,

हामीले ........................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले घिरिङ गाउँपालिकाको जलस्रोत नियमावली २०७८ को नियम ३ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौँ।

**विवरण:**

१. उपभोक्ता समिति नाम:

२. कार्यक्षेत्र:

३. उद्देश्य:

(क)

(ख)

४. सदस्यहरुको नाम: ठेगाना पेशा

(क)

(ख)

५. उपयोग गरिने जलस्रोत विवरण:

(क) जलस्रोतको नाम (चार किल्ला सहित) भएको ठाउँ:

(ख) जलस्रोत बाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण:

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरण:

(क) सेवाको किसिम:

(ख) सेवा पुर्‍याउने क्षेत्र:

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७. आर्थिक स्रावतको विवरण:

८. कार्यालयको ठेगाना:

**निवेदक**

उपभोक्ता संस्थाको तर्फबाट निवेदन दिनेको

सही:

नाम:

पद:

ठेगाना:

मिति:

# अनुसूची २

**(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)**

**घिरिङ गाउँपालिका जलस्रोत समिति**

**घिरिङ, तनहुँ**

दर्ता मिति:

दर्ता नम्बर:

मिति:

**उपभोक्ता संस्था दर्ता प्रमाणपत्र**

श्री..............................

.................................

.................................. (सम्बन्धित उपभोक्ता संस्थाको नाम) ................ लाई घिरिङ गाउँपालिकाको जलस्रोत नियमावली, २०७८ को नियम ५ को उपनियम (१) बमोजिम ......साल .....महिना.......गते घिरिङ गाउँपालिकाको जलस्रोत नियमावली,२०७८ बमोजिम आफ्नो कार्य सञ्चालन गर्ने गराउने गरी देहाय बमोजिम उपयोगका लागि यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ।

१. उपयोग गरिने जलस्रोत विवरण:

(क) जलस्रोतको नाम (चार किल्ला सहित) भएको ठाउँ:

(ख) जलस्रोत बाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण:

२. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरण:

(क) सेवाको किसिम:

(ख) सेवा पुर्‍याउने क्षेत्र:

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

सही:

नाम, थर:

पद:

# अनुसूची ३

**(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)**

## जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्रको लागि दरखास्त

मिति: ..........................

श्री अध्यक्ष ज्यू,
घिरिङ गाउँपालिका जलस्रोत समिति
घिरिङ, तनहुँ।

जलस्रोतको उपयोगको निम्ति सर्वेक्षण गर्नेको लागि अनुमतिपत्र पाउन घिरिङ गाउँपालिकाको जलस्रोत नियमावली, २०७८ को नियम ९ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:
२. उद्देश्य:
३. सर्वेक्षण गर्ने क्षेत्र:
४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु:
(पुष्टयाई विवरण संलग्न गर्नुपर्नेछ)
५. सर्वेक्षण गर्ने अवधि:
६. अन्य विवरणहरु: (घिरिङ गाउँपालिकाको जलस्रोत नियमावली २०७८ को नियम ८ बमोजिम)
७. माथि उल्लेखित व्यहोरा ठीक छ झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।
संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको
नाम,थर:
सही:
पद:
ठेगाना:

# अनुसूची ४

**(नियम ११ सँग सम्बन्धित)**

## घिरिङ गाउँपालिका

## जलस्रोत समिति

**घिरिङ, तनहुँ**

मिति:................................

अनुमति पत्र संख्या:

## जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र

श्री.....................

............................

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली घिरिङ गाउँपालिकाको जलस्रोत नियमावली, २०७८ को नियम ११ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको पुरा ठेगाना:

२. जलस्रोत सर्वेक्षण उद्देश्य:

३. जलस्रोत सर्वेक्षणको क्षेत्र:

४. सर्वेक्षण गर्ने अवधि:

५. अनुमति पत्र बहाल रहने अवधि:

अनुमतिपत्र दिने अधिकारीको
नाम:
सही:
पद:

# अनुसूची ५

**(नियम १३ सँग सम्बन्धित)**

## जलस्रोत उपयोग अनुमति पत्रको लागि दरखास्त

मिति:.........................

श्री अध्यक्ष ज्यू,
घिरिङ गाउँपालिका जलस्रोत समिति
घिरिङ, तनहुँ ।

जलस्रोत उपयोगको निम्ति अनुमति पाउन जलस्रोत नियमावली, २०७८ को नियम १३ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा सांगठित संस्थाको नाम र ठेगाना:
२. उद्देश्य:
३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजना:
४. प्रस्तावित जलस्रोतको मुहान रहेको (चार किल्ला) र उपयोग गर्ने ठाउँ:
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफल:
६. प्रस्तावित उपभोगबाट हुनसक्ने सम्भावित लाभ:
७. प्रस्तावित सेवाबाट लाभान्वित हुनसक्ने उपभोक्ता संख्या:
८. जलस्रोत उपयोगका लागि अनुमानित रकम र सोको स्रोत:
९. जलस्रोत उपयोग गर्ने तरिका:
१०. जलस्रोतको हाल भएको उपयोग र भविष्यमा हुनसक्ने उपयोग:
११. अन्य विवरण

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संगठित संस्था भए सो संस्थाको छाप
सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको
नाम,थर:
सही:
पद:
ठेगाना:

## अनुसूची ६

**(नियम १६ सँग सम्बन्धित)**

## घिरिङ गाउँपालिका

## जलस्रोत समिति

**घिरिङ, तनहुँ**

## जलस्रोत उपयोगको अनुमतिपत्र

मितिः.........................

श्री...........................

..........................................

महाशय,

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली घिरिङ गाउँपालिका जलस्रोत नियमावली, २०७८ को नियम १६ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना:

२. जलस्रोत उपयोगको उद्देश्य:

३. जलस्रोतको नाम, किसिम र रहेको स्थान (चार किल्ला सहित):

४. उपयोग गर्न पाउने जलस्रोतको परिणाम:

५. जलस्रोत उपयोग क्षेत्र:

६. जलस्रोत उपयोग गर्ने तरिका:

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या:

८. अनुमतिपत्र बहाल रहने अबधि:

अनुमपत्र दिने अधिकारीको

नाम:

सही:

पद:

## अनुसूची ७

**(नियम २० को उपनियम (२) सँग सम्बन्धित)**

## घिरिङ गाउँपालिका, जलस्रोत समिति

## घिरिङ, तनहुँ

## जलस्रोत उपयोगको अनुमति पत्र

मिति:.........................

अनुमति पत्र संख्या:

श्री.........................

....................................................

महाशय,

तपाईलाई .................................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरु खुलाई जलस्रोत नियमावली, २०७८ को नियम २० बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ।

१. जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा ठेगाना:

२. जलस्रोत उपयोगसँग सम्बन्धित परियावजनाको नाम र किसिम:
(प्रत्येक उपयोग सँग सम्बन्धित)

३. जलस्रोतको नाम भएको स्थान:

४. जलस्रोतको उपयोग भएको स्थान:

५. जलस्रोत उपयोग भएको परिमाण:
प्रदेश................................जिल्ला.............................वा गाउँपालिका.................................

६. उपभोक्ता संस्था र त्यसको किसिम:

७. सेवा उपलब्ध गराउन शुरु गरेको मिति:

८. अनुमतिपत्र बहाल रहने अवधि:

९. अन्य शर्तहरु:

अनुमतिपत्र दिने अधिकारीको

नाम:

सही:

पद:

## अनुसूची ८

**(नियम २१ र नियम २२ को उपनियम (२) संग सम्बन्धित)**

## अनुमति पत्र दस्तुर

**जलस्रोत उपयोगको किसिम र अनुमति दस्तुर**

क. खानेपानी र घरेलु उपयोग रु.५००।

ख. सिचाई रु.५००।

ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग रु.१०००।

घ. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयावग रु.२०००।

ङ. जल यातायात रु.५०००।

च. आमोद प्रमोदजन्य उपयोग रु.५०००।

छ. अन्य उपयोग रु.५०००।

## अनुसूची ९

**(नियम ८ (२), २७, ३१ सँग सम्बन्धित)**

## जलस्रोत उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

**१. सिचाईको हकमा**

क. दुई हजार हेक्टरसम्मको जमीन सिचाई गर्न अधिकतम रु.१०००।

ख. दुई हजार देखि पाँच हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.२०००।

ग. पाँच हजार देखि दश हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.५०००।

घ. दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.१००००।

ङ. पन्ध्र हजार देखि बीस हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.१५०००।

च. बीस हजार देखि पच्चीस हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.२००००।

छ. पच्चीस हजार हेक्टर भन्दा माथिको जमीन सिचाई गर्न रु.२५०००।

**२. खानेपानीको हकमा**

क. एक सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.५००।

ख. दुई सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.१०००।

ग. तीन सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.१५००।

घ. पाँच सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२०००।

ङ. सात सय सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२५००।

च. एक हजार सम्म जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.३०००।

३. कृषिजन्य उपभोगका लागि रु.२०००। देखि रु.२० हजार सम्म पानी प्रयोगको परिमाणको आधारमा।

४. घरेलु उद्योगको लागि रु.२०००। देखि रु.२०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा।

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु.५०००। देखि रु. सम्म पानी प्रयोगको परिमाणको आधारमा।

६. आमोद प्रमोदजन्य प्रयोगका लागि रु.१०००। देखि रु. १०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा।

७. जल विद्युतको लागि प्रति किलोबाट रु.१०० का दरले।

८. अन्य प्रयोगका लागि रु.५०००। देखि रु.१०००० सम्म वार्षिक कारोबारका आधारमा।

## अनुसूची १०

**(नियम ३४ सँग सम्बन्धित)**

## जग्गा उपभोग वा प्राप्तिका लागि दरखास्त

मितिः............................

श्रीमान् अध्यक्ष ज्यू,
जलस्रोत समिति घिरिङ गाउँपालिका,
घिरिङ, तनहुँ।

महोदय,

जलस्रोत उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नको लागि तपशिलमा उल्लेखित घरजग्गा उपयोग गर्नुपर्ने वा प्राप्त भएकोले नियमानुसार उपयोग गर्न पाउने गरी वा गराई पाउन यो दरखास्त पेश गरेको छु।

**तपशिल**

१. आवश्यक जग्गाको चार किल्ला खुल्ने विवरणः

२. जग्गाको स्वामित्व खुल्ने प्रमाण कागजात तथा सम्बन्धित वडा कार्यालयको सिफारिस

३. जग्गाको उपयोग प्रयोजन खुल्ने कागजात

संगठित संस्था भए सो संस्थाको छाप
सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको
नाम, थरः
सहीः
पदः
ठेगानाः

आज्ञाले
नाम : रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत